# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।०६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कपिलवस्तु, यशोधरा गाउँपालिकामा कार्यरत मा.सि.का. पदबाट नियुक्ति लिई कार्यरत रहेका हाल सि.अ.न.मी. पदमा स्तर बृद्धि भएका कर्मचारीले शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली पेश गरी हालसम्म जागिर गरिरहेकोले शैक्षिक योग्यताको प्रमाण-पत्र छानविन हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **जिल्ला कपिलवस्तु, यशोधरा गाउँपालिकामा सि.अ.न.मी. निरीक्षक (अधिकृत छैठौं) पदमा कार्यरत सरस्वती ओली (वली) क्षेत्रीले** अ.न.मी. विषय लिई प्राविधिक एस.एल.सी. परीक्षा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र पोखराबाट उत्तीर्ण गर्दा, रजिष्टर्ड अ.न.मी. नेपाल नर्सिङ्ग काउन्सिलको दर्ता प्रमाण-पत्र लिँदा, नेपाल स्वास्थ्य सेवाको सहायक पाँचौ तहमा स्तर बृद्धि हुँदा र नेपाल स्वास्थ्य सेवाको अधिकृत छैठौं तहमा स्तर बृद्धि भई सि.अ.न.मी. निरीक्षक पदनाम पाउन माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट हाईस्कूल परीक्षा पास गरेको भनी शैक्षिक योग्यताका नक्कली/झुट्टा प्रमाण-पत्र पेश गरी लाभ एवं सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा परिभाषित कसुर गरेको पुष्टि हुन आएकाले निज सरस्वती ओली (वली) क्षेत्रीलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे